# धनगढी उप-महानगरपालिका

## स्थानीय राजपत्र

**खण्डः०८** **संख्याः०२** **मितिः२०८१/०३/०७**

## भाग-०१

## धनगढी उप-महानगरपालिका

# धनगढी उप-महानगरपालिकाको नगर शिक्षा ऐन, २०८१

**नगरसभाबाट स्वीकृत मितिः २०८१।०३।०७**
**राजपत्रमा प्रकाशन मितिः २०८१।०३।०९**

**प्रस्तावना :** राष्ट्रिय विकासका लागि आवश्यक जनशक्ति तयार गर्न संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अनुकूल सर्वसाधारण जनताको सदाचार, शिष्टाचार र नैतिकता कायम राख्न धनगढी उपमहानगरपालिकाभित्र स्थापना हुने तथा स्थापना भई सञ्चालनमा रहेका विद्यालय एवम् शैक्षिक संस्थाहरुको व्यवस्थापनमा सुधार गर्दै गुणस्तरीय शिक्षाको प्रत्याभूति गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ को उपधारा (१) र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी धनगढी उप–महानगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यो ऐनको नाम **"धनगढी उपमहानगरपालिकाको नगर शिक्षा ऐन, २०८१"** रहेको छ।

(२) यो ऐन धनगढी उपमहानगरपालिका क्षेत्रभर लागू हुनेछ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा;

(क) "उप-महानगरपालिका" भन्नाले धनगढी उप-महानगरपालिका, कैलाली सम्झनु पर्छ।

(ख) "नगर सभा" भन्नाले उप-महानगरपालिकाको नगर सभा सम्झनु पर्छ।

(ग) "कार्यपालिका" भन्नाले उप-महानगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्छ।

(घ) "नगर प्रमुख" भन्नाले उप-महानगरपालिकाको नगर प्रमुख सम्झनु पर्छ।

(ङ) "नगर उपप्रमुख" भन्नाले उप-महानगरपालिकाको नगर उपप्रमुख सम्झनु पर्छ।

(च) "कार्यालय" भन्नाले उप-महानगरपालिकाको नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्छ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले कार्यालयको प्रमुख प्रशासकीय अधिकृत वा सो काम गर्न तोकेको अधिकृत सम्झनु पर्छ।

(ज) "महाशाखा" भन्नाले कार्यालय अन्तर्गतको शिक्षा, युवा तथा खेलकुद महाशाखा सम्झनु पर्छ।

(झ) "महाशाखा प्रमुख" भन्नाले शिक्षा, युवा तथा खेलकुद महाशाखाको प्रमुख वा सो काम गर्न तोकेको अधिकृत सम्झनु पर्छ।

(ञ) "शिक्षा अधिकृत" भन्नाले शिक्षा, युवा तथा खेलकुद महाशाखाको अधिकृतस्तरको कर्मचारी सम्झनु पर्छ।

(ट) "शिक्षक" भन्नाले विद्यालयमा कार्यरत स्थायी, अस्थायी, करार, राहत, अनुदान, प्रशिक्षक, प्रारम्भिक बालविकास सहजकर्ताको दरबन्दी एवम् कोटामा कार्यरत शिक्षक सम्झनु पर्छ। सो शब्दले उपमहानगरपालिकाबाट नियुक्त शिक्षक, स्वयम् सेवक शिक्षक, विज्ञ स्रोत शिक्षक समेतलाई सम्झनु पर्छ।

(ठ) "विद्यालय कर्मचारी" भन्नाले विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनु पर्छ।

(ड) "सामुदायिक विद्यालय" भन्नाले समुदायको पहलमा स्थापना गरिएको नाफा नकमाउने प्रकृतिको नेपाल सरकार, सुदूरपश्चिम प्रदेश सरकार र उपमहानगरपालिकाबाट नियमित रूपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ।

(ढ) "संस्थागत विद्यालय" भन्नाले निजी तथा सार्वजनिक पहल र लगानीमा स्थापना गरिएका नेपाल सरकार, सुदूरपश्चिम प्रदेश सरकार र स्थानीय सरकारबाट नियमित रूपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त गुठी वा कम्पनी वा सार्वजनिक विद्यालय सम्झनु पर्छ।

(ण) “सहकारी विद्यालय” भन्नाले कुनै सहकारी संस्थाले नाफा नलिने उद्देश्यले स्थापना गरेको सहकारीका सदस्यहरुद्वारा सञ्चालित विद्यालय सम्झनु पर्छ ।

(त) "नमुना विद्यालय" भन्नाले कार्यालयले सामुदायिक विद्यालयको समग्र पक्षको सुधार मार्फत शैक्षिक गुणस्तर सुधारका लागि शैक्षिक कार्यक्रमहरु सञ्चालन गर्न छनौट गरेका नमुना विद्यालय सम्झनु पर्छ ।

(थ) “आवासीय विद्यालय” भन्नाले नेपाल सरकार वा सुदूरपश्चिम प्रदेश सरकार वा उपमहानगरपालिकाले आवासीय विद्यालयको रूपमा स्वीकृति प्रदान गरेको विद्यालय सम्झनु पर्छ ।

(द) “अनुमति” भन्नाले नेपाल सरकार वा नगरपालिकाले स्थायी स्वीकृति प्रदान गरी नसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृति सम्झनु पर्छ।

(ध) “अभिभावक” भन्नाले विद्यालय र शैक्षिक संस्थामा अध्ययनरत् विद्यार्थीको बाबु, आमा, बाजे, बजै वा त्यस्ता अभिभावक नभएमा विद्यालयमा अध्ययनरत बालबालिकालाई संरक्षण गर्ने व्यक्तिहरूमध्येबाट विद्यालयको अभिलेखमा जनिएको व्यक्ति सम्झनु पर्छ । तर, विद्यालय व्यवस्थापन समितिको पदाधिकारी छनौटका लागि विद्यार्थीको बाबु वा आमा मध्ये विद्यालयको अभिलेखमा विद्यार्थी भर्नाको समयमा जनिएको व्यक्ति सम्झनु पर्छ ।

(न) “आधारभूत शिक्षा” भन्नाले प्रारम्भिक बालविकास कक्षा देखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(प) “तालिम केन्द्र” भन्नाले यस ऐन बमोजिम अनुमति प्राप्त गरी विभिन्न सीपमूलक तालिम प्रदान गर्ने संस्था सम्झनु पर्छ ।

(फ) “तोकिएको” वा “तोकिएबमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेका नियम, कार्यविधि, निर्देशिकामा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ ।

(ब) “नियुक्ति गर्ने अधिकारी” भन्नाले शिक्षक तथा कर्मचारी नियुक्ती गर्न तोकिएको अधिकारी सम्झनु पर्छ ।

(भ) “प्राविधिक तथा व्यावसायिक शिक्षा” भन्नाले प्राविधिक ज्ञान, सीप तथा विषयवस्तुको सिकाइ गरी प्रविधि र व्यवसायको शिक्षा प्रदान गर्न कक्षा नौ देखि कक्षा बाह्र सम्म अध्यापन गराइने शिक्षालाई सम्झनु पर्छ ।

(म) “प्रारम्भिक बालशिक्षा” भन्नाले चार वर्ष उमेर पुरा भएका बालबालिकालाई दिइने एक वर्षको प्रारम्भिक बाल शिक्षा सम्झनु पर्छ ।

(य) “पुस्तकालय” भन्नाले नेपाल सरकार, नगरपालिकाबाट अनुमति लिई सञ्चालन भएको विभिन्न पुस्तकहरू संग्रह गरी अध्ययन गर्न उपयुक्त हुने गरी निर्माण गरिएको संस्था सम्झनु पर्छ ।

(र) “माध्यमिक शिक्षा” भन्नाले कक्षा नौदेखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(ल) “विद्यालय शिक्षा” भन्नाले आधारभूत र माध्यमिक दुवै शिक्षा सम्झनु पर्छ ।

(व) “विशेष शिक्षा” भन्नाले दृष्टिविहिन, बहिरा, अटिजम, बौद्धिक अपाङ्गता, सुस्तश्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी दिइने शिक्षा सम्झनु पर्छ ।

(श) “शैक्षिक परामर्श केन्द्र” भन्नाले शैक्षिक परामर्श प्रदान गर्ने उद्देश्यले नेपाल सरकारवाट वा यस उप-महानगरपालिकाबाट अनुमति वा स्वीकृत प्राप्त संस्था सम्झनु पर्छ ।

(ष) “शैक्षिक गुठी” भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ ।

(स) “समावेशी शिक्षा” भन्नाले देहायको शिक्षा सम्झनु पर्छ;

(१) दृष्टिविहिन, न्यून दृष्टियुक्त, बहिरा, सुस्त श्रवण, अटिजम, बौद्धिक, शारीरिक वा अन्य अपाङ्गता भएका बालबालिकाहरुलाई नियमित शैक्षिक पद्धतिको अधिनमा रही दिइने शिक्षा ।

(२) सामाजिक, आर्थिक वा भौगोलिक कारणले पछाडी पारिएका व्यक्तिलाई विभेदरहित वातावरणमा दिइने शिक्षा ।

(ह) “स्वीकृति” भन्नाले तोकिएबमोजिमको शर्त पूरा गरेको विद्यालयलाई नेपाल सरकार, उपमहानगरपालिकाले दिएको स्थायी स्वीकृति सम्झनु पर्छ ।

३. **विद्यालय खोल्न अनुमति लिनु पर्ने :** (१) उप-महानगरपालिका क्षेत्रभित्र कुनै नेपाली नागरिकले निजी शैक्षिक गुठी अन्तर्गत संस्थागत विद्यालय वा कुनै सार्वजनिक संस्थाले संस्थाको विधान अनुसार सार्वजनिक शैक्षिक गुठी अन्तर्गत संस्थागत विद्यालय वा सहकारी संस्थाले सहकारी अन्तर्गत सहकारी विद्यालय खोल्न चाहेमा सम्बन्धित वडा शिक्षा समितिको सिफारिस सहित तोकिएबमोजिम शैक्षिक सत्र सुरुहुनुभन्दा तीन महिना अगावै निवेदन पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश हुन आएका निवेदनको विवरण तयार गरी महाशाखाले नगर शिक्षा अनुगमन समिति समक्ष पेश गर्नु पर्नेछ । नगर शिक्षा अनुगमन समितिले विद्यालय खोल्नका लागि तोकिएबमोजिमको न्यूनतम् पूर्वाधार भएको वा नभएको सम्बन्धमा स्थलगत अनुगमन गरी विद्यालय खोल्न अनुमति दिने वा नदिने सम्बन्धमा नगर शिक्षा समिति समक्ष सिफारिस गर्नु पर्नेछ ।

(३) नगर शिक्षा समितिले विद्यालय खोल्न अनुमतिका लागि पेश भएको निवेदन, वडा शिक्षा समितिको सिफारिस, तोकिएबमोजिमको न्यूनतम् पूर्वाधार भएको वा नभएको सम्बन्धमा नगर शिक्षा समितिको सिफारिस समेतको आधारमा निवेदकलाई विद्यालय खोल्न अनुमति दिने वा नदिने सम्बन्धमा चालु शैक्षिक सत्रको चैत्र महिनाभित्रै निर्णय गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम विद्यालय खोल्न अनुमति दिने निर्णय भएका निवेदकहरुको जानकारीका लागि महाशाखाले पन्ध्रदिनभित्र विद्यालय खोल्न अनुमति लिनका लागि कार्यालयको वेभसाइट मार्फत वा अन्य कुनै माध्यमबाट सूचना सार्वजनिक गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिमको सूचनामा तोकिएको अवधिभित्र विद्यालय खोल्न अनुमतिका लागि सम्पर्कमा आएका निवेदकलाई तोकिएको अधिकारीले तोकिएबमोजिमको शुल्क एवम् कागजात बुझाउन लगाई विद्यालय खोल्न अनुमति दिनु पर्नेछ । तोकिएको अवधिभित्र विद्यालय खोल्न अनुमति नलिने वा विद्यालय खोल्न अनुमति लिनका लागि सम्पर्कमा समेत नआउने निवेदकलाई विद्यालय खोल्न अनुमति दिन बाध्य हुने छैन ।

(६) उपदफा (१), (२), (३), (४) र (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका विद्यालयलाई निजी शैक्षिक गुठी वा सहकारीको रूपमा विद्यालय खोल्न र कक्षा थप गर्न पाउने गरी अनुमति वा स्वीकृति दिइने छैन;

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएका विद्यालय,

(ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालन भएका विद्यालय,

(ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दान दातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय ।

(७) यस ऐन वा अन्य प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि शैक्षिक गुठी वा सहकारी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहाय बमोजिम गर्नु पर्नेछ;

(क) शैक्षिक गुठी वा सहकारी सञ्चालन गर्ने गुठी सञ्चालक (ट्रष्टी) सङ्गठित संस्थाको रूपमा हुनु पर्ने,

(ख) शैक्षिक गुठी वा सहकारी सञ्चालन गर्दा ट्रष्टीमा सार्वजनिक गुठी वा सहकारी भए कम्तीमा पाँच जना र निजी गुठी भए कम्तीमा तीन जना सदस्य हुनु पर्ने,

(ग) शैक्षिक गुठी वा सहकारी विद्यालयले आफ्नो आय व्ययको लेखा अभिलेख तोकिएबमोजिम राख्ने व्यवस्था मिलाई सो को वार्षिक लेखा परीक्षण कार्यालयको अद्यावधिक सूचीमा रहेका मान्यता प्राप्त लेखा परीक्षकहरुमध्येबाट तोकिएको अधिकारीले नियुक्त गरेका लेखा परीक्षकबाट गराउनु पर्ने,

(घ) शैक्षिक गुठी वा सहकारी विद्यालयको तत्काल कायम रहेका ट्रष्टीले आफ्नो जीवनकालमै वा शेषपछि गुठीयारको रूपमा काम गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्नेछ । तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा कार्यालयको पूर्व स्वीकृति लिनु पर्ने ।

(८) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा नगर शिक्षा समितिबाट स्वीकृति लिई सार्वजनिक शैक्षिक गुठी वा सहकारी अन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ । यस उपदफा बमोजिम सञ्चालित विद्यालयले पालन गर्नु पर्ने शर्त, सुविधा तथा अन्य व्यवस्था तोकिएबमोजिम हुनेछन् ।

(९) माथिका उपदफाहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन । तर, नेपाल सरकारसँग सम्झौता भएमा त्यस्ता विद्यालयहरूलाई पनि नगर शिक्षा समितिले अनुमतिका लागि मनासिव देखेमा अनुमति दिन सक्नेछ । यसरी सञ्चालित विद्यालयहरूलाई दिईएको अनुमति वा स्वीकृति तोकिएबमोजिम जुनसुकै बेला खारेज गर्न सक्नेछ ।

(१०) प्राविधिक शिक्षा मात्र सञ्चालन गर्न चाहने विद्यालय वा शिक्षण संस्थाको अनुमति तथा स्वीकृति, अनुगमन तथा नियमन सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ ।

(११) मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन तोकिएबमोजिम हुनेछ ।

(१२) निजी गुठी अन्तर्गत प्रारम्भिक बालविकास कक्षा वा मण्टेश्वरी कक्षा सञ्चालन गर्ने शिक्षण संस्था खोल्न लिनु पर्ने अनुमति सम्बन्धी व्यवस्था यसै दफामा उल्लेख भएबमोजिम हुनेछ ।

(१३) यो ऐन जारी हुनुभन्दा पूर्व प्रचलित कानुन बमोजिम स्थापना भई सञ्चालनमा रहेका विद्यालयहरु यसै ऐन बमोजिम स्थापना भएको मानिनेछ ।

(१४) विद्यालय खोल्न अनुमति सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

४. **कक्षा थप गर्न अनुमति लिनु पर्ने :** (१) उपमहानगरपालिका क्षेत्रभित्र पूर्व अनुमति प्राप्त गरेका सामुदायिक वा संस्थागत विद्यालयले कक्षा थप गर्न चाहेमा थप गर्न चाहेको कक्षा उल्लेख गरी सम्बन्धित वडा शिक्षा समितिको सिफारिस सहित शैक्षिक सत्र सुरुहुनुभन्दा तीन महिना अगावै तोकिएबमोजिम निवेदन पेश गर्नु पर्नेछ । यसरी कक्षा थपको लागि निवेदन पेश गर्दा एक शैक्षिक सत्रमा एउटा मात्र कक्षा थप हुने गरी निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश हुन आएका निवेदनको विवरण तयार गरी महाशाखाले नगर शिक्षा अनुगमन समिति समक्ष पेश गर्नु पर्नेछ । नगर शिक्षा अनुगमन समितिले कक्षा थपका लागि तोकिएबमोजिमको न्यूनतम् पूर्वाधार भएको वा नभएको सम्बन्धमा स्थलगत अनुगमन गरी विद्यालयमा कक्षा थप गर्न अनुमति दिने वा नदिने सम्बन्धमा नगर शिक्षा समिति समक्ष सिफारिस गर्नु पर्नेछ ।

(३) नगर शिक्षा समितिले विद्यालयमा कक्षा थप गर्न अनुमतिका लागि पेश भएको निवेदन, वडा शिक्षा समितिको सिफारिस, तोकिएबमोजिमको न्यूनतम् पूर्वाधार भएको वा नभएको सम्बन्धमा नगर शिक्षा

समितिको सिफारिस समेतको आधारमा निवेदकलाई विद्यालयमा कक्षा थप गर्न अनुमति दिने वा नदिने सम्बन्धमा चालु शैक्षिक सत्रको चैत्र महिनाभित्रै निर्णय गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम विद्यालयमा कक्षा थप गर्न अनुमति दिने निर्णय भएका निवेदकहरुको जानकारीका लागि तोकिएको अधिकारीले पन्ध्रदिनभित्र विद्यालयमा कक्षा थप गर्न अनुमति लिनका लागि कार्यालयको वेभसाइट मार्फत वा अन्य कुनै माध्यमबाट सूचना सार्वजनिक गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिमको सूचनामा तोकिएको अवधिभित्र विद्यालयमा कक्षा थप गर्न अनुमतिका लागि सम्पर्कमा आएका निवेदकलाई तोकिएको अधिकारीले तोकिएबमोजिमको शुल्क एवम् कागजात बुझाउन लगाई विद्यालयमा कक्षा थप गर्न अनुमति दिनु पर्नेछ। तोकिएको अवधिभित्र विद्यालयमा कक्षा थप गर्न अनुमति नलिने वा विद्यालयमा कक्षा थप गर्न अनुमति लिनका लागि सम्पर्कमा समेत नआउने निवेदकलाई विद्यालयमा कक्षा थप गर्न अनुमति दिन बाध्य हुने छैन।

(६) विद्यालयको कक्षा थप सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

५. **विद्यालयको ठाउँ सारी :** (१) अन्यत्र स्थानीय तहबाट उप-महानगरपालिकाको क्षेत्रभित्र कुनै पनि विद्यालयको ठाउँसारी गर्न सकिने छैन।

(२) उप-महानगरपालिकाको वडाभित्रको एक स्थानबाट अर्को स्थान र एक वडाको एक स्थानबाट अर्को वडाको अर्को स्थानमा विद्यालयको ठाउँसारी गर्न सम्बन्धित वडा शिक्षा समिति र नजिकका कम्तिमा तीन विद्यालयको सिफारिस सहित शैक्षिक सत्र सुरुहुनुभन्दा तीन महिना अगावै तोकिएबमोजिम निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम पेश हुन आएका निवेदनको विवरण तयार गरी महाशाखाले नगर शिक्षा अनुगमन समिति समक्ष पेश गर्नु पर्नेछ। नगर शिक्षा अनुगमन समितिले विद्यालयको ठाउँ सारीका लागि तोकिएबमोजिमको न्यूनतम् पूर्वाधार भएको वा नभएको सम्बन्धमा स्थलगत अनुगमन गरी विद्यालयको ठाउँ सारी गर्न अनुमति दिने वा नदिने सम्बन्धमा नगर शिक्षा समिति समक्ष सिफारिस गर्नु पर्नेछ।

(४) नगर शिक्षा समितिले विद्यालयको ठाउँ सारी गर्न अनुमतिका लागि पेश भएको निवेदन, वडा शिक्षा समितिको सिफारिस, तोकिएको न्यूनतम् पूर्वाधार भएको वा नभएको सम्बन्धमा नगर शिक्षा समितिको सिफारिस समेतको आधारमा निवेदकलाई विद्यालयको ठाउँ सारी गर्न अनुमति दिने वा नदिने सम्बन्धमा चालु शैक्षिक सत्रको चैत्र महिनाभित्रै निर्णय गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम विद्यालयको ठाउँ सारी गर्न अनुमति दिने निर्णय भएका निवेदकको जानकारीका लागि महाशाखाले पन्ध्रदिनभित्र विद्यालयको ठाउँ सारी गर्न अनुमति लिनका लागि कार्यालयको वेभसाइट मार्फत वा अन्य कुनै माध्यमबाट सूचना सार्वजनिक गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिमको सूचनामा तोकिएको अवधिभित्र विद्यालयको ठाउँ सारी गर्न अनुमतिका लागि सम्पर्कमा आएका निवेदकलाई तोकिएको अधिकारीले तोकिएको शुल्क एवम् कागजात बुझाउन लगाई विद्यालयको ठाउँ सारी गर्न अनुमति दिनु पर्नेछ। तोकिएको अवधिभित्र विद्यालयको ठाउँ सारी गर्न अनुमति नलिने वा विद्यालयको ठाउँ सारी गर्न अनुमति लिनका लागि सम्पर्कमा समेत नआउने निवेदकलाई विद्यालयको ठाउँ सारी गर्न अनुमति दिन बाध्य हुने छैन।

(७) विद्यालयको ठाउँ सारी सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

६. **विद्यालय सञ्चालन :**(१) उपमहानगरपालिकाको क्षेत्रभित्र सञ्चालित विद्यालयहरु उपमहानगरपालिकाको वार्षिक शैक्षिक क्यालेण्डर बमोजिम सञ्चालन हुनेछन्।

(२) विद्यालयको शैक्षिक सत्रको अवधि र विद्यालय सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

७. **विद्यालयको अनुमति वा स्वीकृति रद्द गर्ने :** (१) उप-महानगरपालिकाले तोकिएको भौतिक पूर्वाधार नभएको, कम्तिमा दुईवर्षदेखि सञ्चालनमा नरहेको, तोकिएको योग्यता अनुसारका शिक्षक व्यवस्थापन नगरेको, तोकिएभन्दा बढी शुल्क लिएको, तोकिएको भन्दा फरक पाठ्यक्रम तथा पाठ्यपुस्तक लागु गरी अध्यापन गरेको, अनुमति नलिएको कक्षा सञ्चालन गरेको, यो ऐन र यस ऐन अन्तर्गत बनेका नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड वा कार्यालयले दिएको निर्देशन उल्लङ्घन गरेका संस्थागत विद्यालयलाई तोकिएबमोजिमको जरिवाना गराउने वा विद्यालयको अनुमति वा स्वीकृति रद्द गरी विद्यालय खारेज गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम अनुमति वा स्वीकृति रद्द गरी विद्यालय खारेज गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन।

(३) अनुमति वा स्वीकृति लिएको विद्यालयको तह वा कक्षामा दुई वर्ष अघि देखि विद्यार्थी नरेहको र विद्यालयको विवरण नेपाल सरकारले तोकेको शैक्षिक तथ्याङ्क प्रणालीमा प्रविष्ट नगरेको संस्थागत विद्यालयले यस अघि जुनसुकै कानून बमोजिम प्राप्त गरेको अनुमति वा स्वीकृति स्वत: रद्द भएको मानिनेछ।

(४) विद्यालयको अनुमति वा स्वीकृत रद्द गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

८. **विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्थाः** (१) उपमहानगरपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी कुनै सामुदायिक विद्यालयमा विशेष शिक्षा, समावेशी शिक्षा, दूर तथा खुला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ।

(२) विशेष शिक्षा र समावेशी शिक्षा सम्बन्धी व्यवस्था साधारण शिक्षा सरह हुनेछ।

(३)	उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि विशेष शिक्षातर्फ अध्ययनरत बालबालिकाको लागि पाठ्यक्रम पाठ्यपुस्तक, सिकाइ सहजीकरण प्रक्रिया र मूल्याङ्कन प्रणालीमा फरक व्यवस्था गर्न सकिनेछ।

(४)	उपमहानगरपालिकाले आवश्यकता अनुसार सामुदायिक सिकाइ केन्द्रमार्फत साक्षरोत्तर एवम् निरन्तर शिक्षा लगायतका अन्य अनौपचारिक शैक्षिक कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछ।

(५)	तोकिएबमोजिमको पूर्वाधार पूरा गरेको पाइएमा उपमहानगरपालिकाले कुनै संस्थागत विद्यालयलाई यस दफामा उल्लेखित कार्यक्रमहरु आफ्नै स्रोतमा सञ्चालन गर्न अनुमति दिन सक्नेछ।

(६)	विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा र दूर तथा खुला शिक्षा सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

९.	**शिक्षाको प्रकार :** विद्यालय शिक्षाको प्रकार देहाय बमोजिम हुनेछ।

(क)	आधारभूत शिक्षाः

(१)	साधारण शिक्षा

(२)	परम्परागत धार्मिक शिक्षा

(ख)	माध्यमिक शिक्षाः

(१)	साधारण शिक्षा

(२)	परम्परागत धार्मिक शिक्षा

(३)	प्राविधिक तथा व्यावसायिक शिक्षा

१०.	**शिक्षाको माध्यम :** (१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अँग्रेजी भाषा वा दुबै भाषा हुनेछ।

(२)	उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछः–

(क)	आधारभूत तहको प्रारम्भिक बाल विकास कक्षा देखि कक्षा पाँच सम्मको शिक्षा मातृभाषामा दिन सकिनेछ।

(ख)	गैर नेपाली नागरिकले विद्यलयमा अध्ययन गर्दा निजले चाहेमा नेपाली विषयको सट्टा अन्य कुनै भाषा विषय अध्ययन गर्न सक्नेछ र सो सम्बन्धी व्यवस्था उपमहानगरपालिकाको समन्वयमा विद्यालयले मिलाउनु पर्नेछ।

(ग)	भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ।

११.	**विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तक :** (१)	विद्यालयले नेपाल सरकार, सुदूरपश्चिम प्रदेश सरकार र उपमहानगरपालिकाबाट स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्नुपर्नेछ।

(२) विद्यालयले तोकिएको अधिकारीबाट पूर्व अनुमती लिई पाठ्यक्रम र पाठ्यपुस्तक बाहेकका अन्य सन्दर्भ सामग्रीहरु लागू गर्न सक्नेछ।

(३) विद्यालयमा लागु हुने पाठ्यक्रम र पाठ्यपुस्तक सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

१२. **विद्यालय समायोजन र तह वा कक्षा मिलान :** विद्यालयको समायोजन, तह वा कक्षा मिलान गर्ने आधार र प्रक्रिया तोकिएबमोजिम हुनेछ।

१३. **विद्यालयको शिक्षक दरबन्दी र शिक्षक विद्यार्थी अनुपात :** (१) विद्यालयमा रहने कक्षागत, तहगत र विषयगत न्यूनतम् शिक्षक दरबन्दी तोकिएबमोजिम हुनेछ।

(२) कार्यालयले उपदफा (१) बमोजिम कक्षागत, तहगत र विषयगत न्यूनतम् शिक्षक दरबन्दी नभएका र उपमहानगरपालिकाबाट विशेष शैक्षिक कार्यक्रम सञ्चालन भएका नमुना सामुदायिक विद्यालयमा आवश्यक थप शिक्षकको व्यवस्था गर्न सक्नेछ।

(३) विद्यालयका हरेक तह र कक्षामा रहने शिक्षक विद्यार्थीको अनुपात, शिक्षक तथा कमर्चारीको दरबन्दी मिलान र थप शिक्षक सहायता तोकिएबमोजिम हुनेछ।

१४. **शिक्षक तथा कर्मचारीको अभिलेख :** (१) सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी सहितको अभिलेख महाशाखाले प्रत्येक वर्ष तोकिएबमोजिम अद्यावधिक गरी राख्नु पर्नेछ।

(२) संस्थागत विद्यालयले आफ्नो विद्यालयमा कार्यरत शिक्षक र कर्मचारीको तोकिएबमोजिमको विवरण हरेक शैक्षिक सत्रको सुरु महिनाको मसान्तिभत्र महाशाखामा पेश गर्नु पर्नेछ।

१५. **विद्यालयको प्रधानाध्यापक :** (१) विद्यालयमा एक जना प्रधानाध्यापक र आवश्यकता अनुसार सहायक प्रधानाध्यापक रहनेछन्।

(२) सामुदायिक विद्यालयको प्रधानाध्यापक र सहायक प्रधानाध्यापकको छनौट, नियुक्ति तथा काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ।

१६. **पदपूर्ति समिति :** (१) सामुदायिक विद्यालयमा प्रधानाध्यापक वा सामुदायिक विद्यालयको स्थायी शिक्षक दरबन्दी, राहत शिक्षक कोटा, अनुदान कोटा, बाल विकास शिक्षक कोटा, उपमहानगरपालिकाको आन्तरिक स्रोतबाट पारिश्रमिक भुक्तानी हुने शिक्षक कोटाको रिक्त शिक्षक पद र सामुदायिक विद्यालयमा उप-महानगरपालिकाबाट पारिश्रमिक निकासा हुने विद्यालय कर्मचारी तथा विद्यालय सहयोगीको करारमा नियुक्तिको लागि सिफारिस गर्न वा संस्थागत विद्यालयमा स्थायी शिक्षक नियुक्तिको लागि सिफारिस गर्न उपमहानगरपालिकामा देहायको एक पदपूर्ति समिति रहनेछ।

(क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको महाशाखा प्रमुख – संयोजक

(ख) पदपूर्ति गर्नु पर्ने विद्यालयका प्रधानाध्यापक वा प्रधानाध्यापकको काम गर्न तोकिएका व्यक्तिहरुमध्येबाट प्रमुख प्रशासकीय अधिकृतले तोकेको एकजना – सदस्य

(ग) कर्मचारी प्रशासन तथा जनशक्ति विकास शाखा प्रमुख - सदस्य

(घ) आमन्त्रित विषय विज्ञहरुमध्ये समितिले तोकेको एकजना - सदस्य

(ङ) महाशाखा प्रमुख वा निजले तोकेको शिक्षा अधिकृत – सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको पदपूर्ति समितिले शिक्षक सेवा आयोगले तोकेको पाठ्यक्रम र परीक्षा प्रणाली बमोजिम खुला प्रतियोगितात्मक परीक्षा सञ्चालन गरी शिक्षक छनौट गर्नु पर्नेछ।

(३) पदपूर्ति समितिले सामान्य परीक्षा, विषयगत परीक्षा र अन्तर्वार्ताको सञ्चालनका लागि सम्बन्धित विषयमा स्नातकोत्तर योग्यता भई सामुदायिक विद्यालय वा क्याम्पसको स्थायी शिक्षक पद वा सरकारी सेवाको अधिकृतस्तरको पदमा कार्यरत कम्तिमा दुईजना विषयविज्ञलाई गोप्य रुपमा आमन्त्रण गरी परीक्षा र अन्तर्वार्ता सम्बन्धी काम गराउनेछ।

(४) पदपूर्ति समितिको बैठक तथा परीक्षा सञ्चालन सम्बन्धी काम, कर्तव्य तथा अधिकार र अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

**१७. <u>करारमा शिक्षक र कर्मचारीको नियुक्ति :</u>** (१) सामुदायिक विद्यालयको स्थायी शिक्षक दरबन्दी, राहत शिक्षक कोटा, अनुदान कोटा, बाल विकास शिक्षक कोटा, उप-महानगरपालिकाको आन्तरिक स्रोतबाट पारिश्रमिक भुक्तानी हुने शिक्षक कोटाको रिक्त पद र सामुदायिक विद्यालयमा उपमहानगरपालिकाबाट पारिश्रमिक निकासा हुने विद्यालय कर्मचारी तथा विद्यालय सहयोगीको करार नियुक्ति पदपूर्ति समितिको सिफारिसमा विद्यालयले गर्नेछ।

(२) नेपाल सरकारबाट स्वीकृत स्थायी दरबन्दी, राहत कोटा, अनुदान कोटा र उप-महानगरपालिकाको आन्तरिक स्रोतबाट पारिश्रमिक भुक्तानी हुने शिक्षक कोटामा शिक्षक नियुक्त हुन नसकी तत्काल करारमा शिक्षक नियुक्ति गर्नु पर्ने भएमा प्रधनाध्यापकले पदरिक्त भएको सातदिनभित्र महाशाखामा जानकारी गराउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम जानकारी प्राप्त भएमा महाशाखाले शिक्षक सेवा आयोगको करार सूचीबाट शिक्षक नियुक्ति गर्ने प्रयोजनका लागि कम्तिमा पन्ध्रदिनको सार्वजनिक सूचना गरी उक्त सूचना बमोजिम सम्पर्कमा आएका उम्मेदवारमध्ये पहिलो योग्यताक्रममा रहेका उम्मेदवारलाई नियुक्तिका लागि विद्यालयमा पठाउनेछ।

(४) विद्यालयले उपदफा (३) बमोजिम लेखी पठाएको उम्मेदवारलाई विद्यालयको करार शिक्षकमा नियुक्त गर्नेछ।

(५) उपदफा (३) बमोजिमको सूचनाको म्यादभित्र शिक्षक सेवा आयोगको करार सूचीमा रहेका कुनै पनि उम्मेदवार सम्पर्कमा नआई उपदफा (४) बमोजिम करार शिक्षक नियुक्त गर्न नसक्ने भएमा महाशाखाले सातदिन अवधिको सार्वजनिक सूचना प्रकाशन गरी दफा १६ बमोजिमको पदपूर्ति समितिबाट शिक्षक छनौट गरी नियुक्तिका लागि सिफारिस गर्ने प्रक्रिया अघि बढाउनेछ।

(६) उपदफा (५) बमोजिम पदपूर्तिका लागि दफा १६ बमोजिमको पदपूर्ति समितिले विद्यालयको रिक्त

कोटामा शिक्षक तथा कर्मचारी नियुक्तिका लागि बाल विकास शिक्षक बाहेक अन्य शिक्षकको हकमा शिक्षक सेवा आयोगको पाठ्यक्रम र बाल विकास शिक्षक, विद्यालय कर्मचारी र विद्यालय सहयोगीको हकमा पदपूर्ति समिति आफैले पाठ्यक्रम तयार गरी प्रतियोगितात्मक परीक्षा सञ्चालन गरेर प्रतिक्षा सूची तयार गरी उक्त प्रतिक्षा सूचीका उम्मेदवारलाई सिफारिस गर्न सक्नेछ । तर, यो उपदफा बमोजिम उम्मेदवार सिफारिस गर्नु पूर्व शिक्षक सेवा आयोगको करार सूचीका उम्मेदवारहरुको सिफारिसका लागि सूचना प्रकाशन गरी सूचनाको अवधिभर सम्भावित उम्मेदवार सम्पर्कमा नआएको सुनिश्चित गरेर मात्र गर्नु पर्नेछ ।

(७) करारमा शिक्षक र कर्मचारीको नियुक्ति सम्बन्धि अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

१८. **<u>सामुदायिक विद्यालयका शिक्षकको सरुवा :</u>** (१) अन्यत्र स्थानीय तहको सामुदायिक विद्यालयमा कार्यरत स्थायी शिक्षकले उप-महानगरपालिका क्षेत्रभित्र सञ्चालित सामुदायिक विद्यालयको तह र विषय मिल्ने रिक्त स्थायी शिक्षक पदमा सरुवा हुन तोकिएको अधिकारी समक्ष तोकिएबमोजिमको निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन दिने शिक्षकलाई तोकिएको अधिकारीले सरुवा गर्न सक्नेछ ।

(३) उपमहानगरपालिका क्षेत्रभित्र सञ्चालित सामुदायिक विद्यालयमा कार्यरत स्थायी शिक्षक अन्यत्र स्थानीय तहको सामुदायिक विद्यालयको तह र विषय मिल्ने स्थायी शिक्षक पदमा सरुवा भई जाने व्यवस्था सरुवा भई जान चाहेको स्थानीय तहको कानुन बमोजिम हुनेछ ।

(४) उपमहानगरपालिका क्षेत्रभित्र सञ्चालित सामुदायिक विद्यालयमा कार्यरत स्थायी, अस्थायी, करार, राहत, अनुदान लगायत विद्यालयको निजीस्रोत बाहेकका शिक्षकलाई उपमहानगरपालिका क्षेत्रभित्रको एक सामुदायिक विद्यालयबाट अर्को सामुदायिक विद्यालयमा तोकिएको अधिकारीले तोकिएबमोजिम सरुवा गर्न सक्नेछ ।

१९. **<u>सामुदायिक विद्यालयका कर्मचारीको सरुवा :</u>** (१) अन्यत्र स्थानीय तहको सामुदायिक विद्यालयमा कार्यरत कर्मचारीलाई उप-महानगरपालिका क्षेत्रभित्र सञ्चालित सामुदायिक विद्यालयमा सरुवा गरिनेछैन् ।

(२) उप-महानगरपालिका क्षेत्रभित्र सञ्चालित सामुदायिक विद्यालयमा कार्यरत विद्यालयको निजीस्रोत बाहेकका कर्मचारीलाई उपमहानगरपालिका क्षेत्रभित्रको एक सामुदायिक विद्यालयबाट अर्को सामुदायिक विद्यालयमा तोकिएको अधिकारीले तोकिएबमोजिम सरुवा गर्न सक्नेछ ।

२०. **<u>नगर शिक्षा समिति :</u>** (१) उप-महानगरपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालयको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामको लागि देहाय बमोजिमको नगर शिक्षा समिति रहनेछ ;

(क) उप-महानगरपालिकाको प्रमुख – अध्यक्ष

(ख) उप-महानगरपालिकाको उप-प्रमुख – सदस्य

(ग) उप-महानगरपालिकाले तोकेको शिक्षा हेर्ने विषयगत समितिको संयोजक – सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(ङ) उपमहानगरपालिकाले तोकेको नगरसभाका सदस्यहरूमध्येबाट कम्तिमा एकजना महिला सहित दुई जना – सदस्य

(च) विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूमध्येबाट सामुदायिक र संस्थागत विद्यालयबाट एक/एक जना पर्ने गरी नगर शिक्षा समितिले मनोनित गरेको दुई जना – सदस्य

(छ) समाजसेवी वा शिक्षाविद्‌हरुमध्येबाट नगर शिक्षा समितिसंग परामर्श गरी नगर प्रमुखले मनोनित गरेका कम्तीमा एक जना दलित वा अल्पसंख्यक वा अपाङ्गता भएका व्यक्ति सहित दुईजना – सदस्य

(ज) शिक्षण पेशामा उच्च योगदान पुर्‍याएका सामुदायिक र संस्थागत विद्यालयका शिक्षकहरूमध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको सामुदायिक र संस्थागत विद्यालयबाट एक/एक जना पर्ने गरी दुई जना –सदस्य

(झ) नेपाल शिक्षक महासंघका नगर अध्यक्ष – सदस्य

(ञ) महाशाखा प्रमुख – सदस्य सचिव

(२) समितिका पदेन सदस्य बाहेक मनोनित सदस्यको कार्यकाल दुई वर्षको हुनेछ।

(३) उपदफा (१) अन्तर्गत मनोनित सदस्य र अन्य सदस्यले आफ्नो पदीय आचरण पूरा नगरेमा जुनसुकै समयमा पनि हटाउन वा वर्खास्त गर्न सकिनेछ। तर, त्यसरी हटाउनु वा वर्खास्त गर्नु अघि मनासिब माफिकको स्पष्टिकरणको मौकावाट बञ्चित गरिने छैन।

(४) नगर शिक्षा समितिको बैठक सामान्यतया दुई महिनामा एकपटक बस्नेछ। त्यसरी बस्ने बैठकको कार्यविधि नगर शिक्षा समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

(५) यस ऐनमा अन्यत्र तोकिएको अलावा नगर शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ;

(क) आफ्नो कार्य क्षेत्रभित्रको शैक्षिक योजना तयार गर्ने,

(ख) उपमहानगरपालिका क्षेत्रभित्र विद्यालय सञ्चालनका लागि अनुमति, स्वीकृति प्रदान गर्ने।

(ग) तोकिएको मापदण्ड पुरा भएका विद्यालय सार्ने, गाभ्ने कार्यका लागि कार्यपालिकालाई सिफारिस गर्ने,

(घ) विद्यालयको लागि आवश्यक साधन श्रोत जुटाउने र परिचालन गर्ने, गराउने,

(ङ) उपमहानगरपालिका क्षेत्रभित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भय रहित बनाउन सहयोग गर्ने,

(च) विद्यालयको वार्षिक लेखापरीक्षणका लागि लेखापरीक्षकहरुको सूची तयार गर्ने,

(छ) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने र सचेत गराउने,

(ज) शिक्षाको गुणस्तर कायम राख्न आवश्यक सूचक विकास गर्ने र प्रगति मूल्याङ्कन गर्ने,

(झ) विद्यालयहरूको सामाजिक परीक्षण गराउने,

(ञ) सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीको व्यवस्थापन गर्ने,

(ट) विद्यालयको सुपरीवेक्षण तथा अनुगमन गर्ने, गराउने,

(ठ) शैक्षिक गुठीसँग गर्ने सम्झौताका शर्तहरू निर्धारण गर्ने,

(ड) शैक्षिक संस्थासँग आबद्ध शिक्षक कर्मचारीहरूलाई आवश्यक प्रोत्साहन, दण्ड, सजायसम्बन्धी कार्य गर्ने, गराउने,

(ढ) उप-महानगरपालिकाभित्र स्थापना भएका पुस्तकालय, वाचनालय र सिकाइ केन्द्रको सम्वर्धन, संरक्षण तथा अनुमति प्रदान गर्ने,

(ण) उप-महानगर क्षेत्रभित्र अनुमति प्राप्त गरी सञ्चालन भएका शैक्षिक परामर्श केन्द्र, विभिन्न प्रकारका कोचिङ सेन्टर आदिको अनुगमन तथा निरीक्षण,नियमन गर्ने । अनुमति माग भएमा तोकिएको पूर्वाधार पुगेका संस्थाहरूलाई अनुमति प्रदान गर्ने,

(त) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन, मूल्याङ्कन र नियमन सम्बन्धी कार्य गर्ने, गराउने,

(थ) शिक्षण सिकाइ, शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास सम्बन्धी कार्य गर्ने गराउने,

(द) वडा शिक्षा समितिबाट सिफारिस सहित आएका विद्यालयको शैक्षिक गुणस्तर एवम् भौतिक पूर्वाधार विकासको गुरुयोजना स्वीकृत गरी लागु गराउने,

(ध) विद्यालय व्यवस्थापन समितिलाई तालिमको व्यवस्था गर्न सक्ने,

(न) यस ऐन वा यस ऐन अन्तर्गत बनेका नियम, कार्यविधि, मापदण्ड वा निर्देशिकामा तोकिएबमोजिमका अन्य कार्यहरू गर्ने, गराउने ।

२१. **<u>नगर शिक्षा अनुगमन समिति :</u>** (१) विद्यालय शिक्षाको समग्र पक्षको अनुगमन गर्न देहाय बमोजिमको नगर शिक्षा अनुगमन समिति रहनेछ ।

(क) उप-महानगरपालिकाको उपप्रमुख - अध्यक्ष

(ख) उप-महानगरपालिकाको सामाजिक विकास समितिका संयोजक - सदस्य

(ग) उप-महानगरपालिकाको नगर सभाका सदस्यहरूमध्येबाट नगर कार्यपालिकाले तोकेको एकजना महिला सहित दुईजना - सदस्य

(घ) संस्थागत विद्यालयका शिक्षक प्रतिनिधिमध्येबाट नगर शिक्षा समितिले तोकेका एकजना - सदस्य

(ङ) उप-महानगर भित्रका शिक्षक महासंघको प्रमुख वा प्रतिनिधि - सदस्य

(च) उप-महानगरपालिकाको आन्तरिक लेखा परीक्षण शाखाको शाखा प्रमुख - सदस्य

(छ) अभिभावक संघको प्रतिनिधी एक जना - सदस्य

(ज) महाशाखा प्रमुख वा निजले तोकेको अधिकृत कर्मचारी - सदस्य सचिव

(२) समितिका पदेन सदस्य बाहेक मनोनित सदस्यको कार्यकाल दुई वर्षको हुनेछ।

(३) उपदफा (१) अन्तर्गत मनोनित सदस्य र अन्य सदस्यले आफ्नो पदीय आचरण पूरा नगरेमा जुनसुकै समयमा पनि हटाउन वा वर्खास्त गर्न सकिनेछ। तर त्यसरी हटाउनु वा वर्खास्त गर्नु अघि मनासिब माफिकको स्पष्टिकरणको मौकावाट बञ्चित गरिने छैन।

(४) नगर शिक्षा अनुगमन समितिको बैठक आवश्यकतानुसार बस्नेछ। त्यसरी बस्ने बैठकको कार्यविधि नगर शिक्षा अनुगमन समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

(५) यस ऐनमा अन्यत्र तोकिएको अलावा नगर शिक्षा अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ;

(क) विद्यालय स्थापना, विद्यालयमा कक्षा थप र विद्यालयको ठाउँ सारीका लागि स्थलगत अनुगमन गरी अनुमति दिने वा नदिने सम्बन्धमा नगर शिक्षा समितिलाई सिफारिस गर्ने,

(ख) सामुदायिक विद्यालयमा सञ्चालित वार्षिक शैक्षिक कार्यक्रमहरुको नियमित अनुगमन गर्ने,

(ग) संस्थागत विद्यालयले लिने शुल्कको अनुगमन गर्ने र वार्षिक रुपमा लिने शुल्को अधिकतम् दर सिफारिस गरी निर्णयका लागि नगर शिक्षा समिति समक्ष पेश गर्ने।

(घ) संस्थागत विद्यालयको कक्षा एघारमा कुल विद्यार्थी संख्याको दश प्रतिशत विद्यार्थीलाई छात्रवृत्तिमा अध्ययन गराउने व्यवस्था मिलाउन आवश्यक कार्य गर्ने, गराउने।

(ङ) यस ऐन वा यस ऐन अन्तर्गत बनेका नियम, कार्यविधि, मापदण्ड वा निर्देशिकामा तोकिएबमोजिमका अन्य कार्यहरू गर्ने।

२२. **<u>वडा शिक्षा समिति :</u>** (१) वडाभित्रका विद्यालयहरुको सञ्चालन, रेखदेख, संरक्षण, सम्बर्द्धन, नियमन गर्न वडास्तरमा देहाय बमोजिमको वडा शिक्षा समिति रहनेछ;

(क) सम्बन्धित वडाका वडा अध्यक्ष - अध्यक्ष

(ख) वडा समितिका सदस्यहरूमध्ये वडा समितिले तोकेको एक जना महिला सदस्य - सदस्य

(ग) सामुदायिक र संस्थागत विद्यालयको शिक्षकहरूमध्येबाट एक जना महिला सहित वडा समितिबाट छनौट भएका दुई जना - सदस्य

(घ) सामुदायिक र संस्थागत विद्यालय दुवैबाट प्रतिनिधित्व हुने गरी विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वा सदस्यहरू मध्ये वडा समितिले तोकेको दुई जना - सदस्य

(ङ) वडा सचिव - सदस्य सचिव

(२) समितिका पदेन सदस्य बाहेक मनोनित सदस्यको कार्यकाल दुई वर्षको हुनेछ ।

(३) उपदफा (१) अन्तर्गत मनोनित सदस्यले र अन्य सदस्यले आफ्नो पदीय आचरण पूरा नगरेमा जुनसुकै समयमा पनि हटाउन वा वर्खास्त गर्न सकिनेछ । तर त्यसरी हटाउनु वा वर्खास्त गर्नु अघि मनासिब माफिकको स्पष्टिकरणको मौकावाट बञ्चित गरिने छैन ।

(४) वडा शिक्षा समितिको बैठक आवश्यकतानुसार बस्नेछ । त्यसरी बस्ने बैठकको कार्यविधि वडा शिक्षा समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) यस ऐनमा अन्यत्र तोकिएको अलावा वडा शिक्षा समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ;

(क) वडा भित्रको शैक्षिक कार्यक्रम कार्यान्वयन गर्ने, गराउने,

(ख) वडाको शिक्षाको अवस्था, प्रगति आदि समेटिएको शिक्षा सम्वन्धी स्थिति पत्र तयार गरी प्रत्येक शैक्षिक वर्षको अन्तमा प्रकाशित गर्ने,

(ग) वडा भित्रका विद्यालयको वार्षिक शैक्षिक कार्यक्रम निर्माण गराई कार्यान्वयनको नियमित रूपमा अनुगमन गर्ने, गराउने,

(घ) वडा भित्रका विद्यालयहरुमा अभिभावक भेला गराई विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन गर्ने, गराउने,

(ङ) वडा क्षेत्र भित्र नयाँ विद्यालय सञ्चालन गर्न वा कक्षा थप गर्न परेमा नगर शिक्षा समितिमा सिफारिस गर्ने,

(च) सामुदायिक विद्यालयको भौतिक विकास तथा व्यवस्थापनका लागि स्रोत र साधन व्यवस्थापनमा सहयोग गर्ने,

(छ) वडामा सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयको अनुगमन गरी अनुगमन प्रतिवेदन तयार गरेर नगर शिक्षा समितिमा पेश गर्ने,

(ज) आफ्नो वडा भित्र विद्यालय जाने उमेरका बालबालिकाहरूको तथ्याङ्क अध्यावधि गर्ने र विद्यालयको नक्शाङ्कन गरेर मात्र नयाँ विद्यालय खोल्न र पूर्ववत् खोल्ने अनुमति प्राप्त विद्यालयमा कक्षा थप गर्न सिफारिस गर्ने,

(ञ) विद्यालयलाई अपाङ्गमैत्री, बालमैत्री, भूकम्प प्रतिरोधात्मक र विपद् व्यवस्थापनको जानकारी वा भवन निर्माणमा पहल गर्ने ।

(ट) वडाभित्रका संस्थागत विद्यालयले लिने शुल्कको अनुगमन गर्ने र वार्षिक रुपमा लिने शुल्कको अधिकतम् दर सिफारिस गरी नगर शिक्षा अनुगमन समिति समक्ष पेश गर्ने ।

(ठ) वडाभित्रका संस्थागत विद्यालयको कक्षा बालविकास देखि कक्षा दश सम्मका कुल विद्यार्थी संख्याको दश प्रतिशत विद्यार्थीलाई छात्रवृति उपलब्ध गराउने व्यवस्था मिलाउने ।

(ड) वडाभित्रका सम्बन्धित संस्थागत विद्यालयहरुलाई खण्ड (ठ) बमोजिम छात्रवृत्ति उपलब्ध गराईएका विद्यार्थीहरुको विवरण अद्यावधिक गर्न लगाई सो को जानकारी महाशाखा मार्फत कार्यालयलाई समेत गराउने।

(ढ) यस ऐन वा यस ऐन अन्तर्गत बनेका नियम, कार्यविधि, मापदण्ड वा निर्देशिकामा तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने।

२३. **परीक्षाको सञ्चालन तथा व्यवस्थापन :** (१) माध्यमिक शिक्षाको कक्षा दश र माध्यमिक तहको अन्त्यमा हुने परीक्षाको सञ्चालन नेपाल सरकारले तोकेबमोजिम हुनेछ।

(२) आधारभूत तहको अन्त्यमा हुने कक्षा आठको बार्षिक परीक्षाको सञ्चालन तथा व्यवस्थापन महाशाखाले गर्नेछ।

(३) उपदफा (१) र (२) बाहेकका कक्षाको आन्तरिक तथा बाह्य परीक्षाको सञ्चालन तथा व्यवस्थापन सम्बन्धित विद्यालयहरुले गर्नेछन् । तर, विशेष सघन शैक्षिक कार्यक्रमहरु सञ्चालनका लागि उपमहानगरपालिकाबाट छनौट भएका नमुना सामुदायिक विद्यालयका अन्य कक्षाहरुको आन्तरिक तथा बाह्य परीक्षा समेत महाशाखाले सञ्चालन गर्न वा सञ्चालनका लागि आवश्यक सहयोग गर्न सक्नेछ।

(४) आधारभूत तहको अन्त्यमा हुने कक्षा आठको बार्षिक परीक्षालाई व्यवस्थित, मर्यादित र विश्वसनीयरुपमा सञ्चालन र व्यवस्थापन गर्न देहायको एक आधारभूत तह परीक्षा सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ।

(क) महाशाखा प्रमुख वा सोसम्बन्धी काम गर्न तोकिएको व्यक्ति - अध्यक्ष

(ख) उपमहानगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयका आधारभूत तहका स्थायी शिक्षकहरूमध्ये नगर शिक्षा समितिले मनोनित गरेका फरक फरक विषयका कम्तिमा एक जना महिला सहित तीन जना - सदस्य

(ग) उपमहानगरपालिका अन्तर्गत सञ्चालित संस्थागत विद्यालयका शिक्षकहरूमध्ये नगर शिक्षा समितिले मनोनित गरेका फरक फरक विषयका कम्तिमा एक जना महिला सहित दुई जना - सदस्य

(घ) महाशाखा अन्तर्गतका अधिकृत स्तरका कर्मचारीहरु - सदस्य

(ङ) महाशाखाको प्रारम्भिक बालविकास तथा आधारभूत शिक्षा शाखा हेर्ने कर्मचारी - सदस्य सचिव

(च) समितिको बैठकमा प्रमुख प्रशासकीय अधिकृत, आर्थिक प्रशासन शाखाका अधिकृत कर्मचारीका साथै आवश्यकता अनुसार महाशाखा अन्य विषय विज्ञ वा कर्मचारीहरुलाई आमन्त्रण गर्न सकिनेछ । त्यसरी आमन्त्रण गरिएको अवस्थामा आमन्त्रण गरिएका

पदाधिकारीहरुले समेत परीक्षा समितिका अन्य पदाधिकारीहरु सरह बैठक भत्ता तथा अन्य सुविधा पाउने भए सो समेत पाउनेछन् ।

(५) समितिका मनोनित सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ । तर मनोनित सदस्यहरुको दुई वर्षको पदावधि सकिएपश्चात नगर शिक्षा समितिबाट अन्य सदस्यहरुको मनोनय नभएसम्म निजहरुको पदावधि कायमै रहेको मानिनेछ ।

(६) उपदफा (४) अन्तर्गत मनोनित सदस्य र अन्य सदस्यले आफ्नो पदीय आचरण पूरा नगरेमा जुनसुकै समयमा पनि हटाउन वा वर्खास्त गर्न सकिनेछ । तर त्यसरी हटाउनु वा वर्खास्त गर्नु अघि मनासिब माफिकको स्पष्टिकरणको मौकावाट बञ्चित गरिने छैन ।

(७) आधारभूत तह परीक्षा सञ्चालन तथा व्यवस्थापन समितिको बैठक आवश्यकतानुसार बस्नेछ । त्यसरी बस्ने बैठकको कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

(८) आधारभूत तह परीक्षा सञ्चालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ ।

(क) विद्यालयस्तरीय पाठ्यक्रम र परीक्षा सम्बन्धी राष्ट्रिय नीतिको अधीनमा रही परीक्षा सम्बन्धी नीति निर्धारण गर्ने ।

(ख) परीक्षा सञ्चालन तथा व्यवस्थापनका लागि क्रियाकलापगत बजेट तथा खर्चको नर्म्स तथा मापदण्ड निर्धारण गरी स्वीकृत गर्ने र स्वीकृत बजेट तथा खर्चको नर्म्स तथा मापदण्ड अनुसार कार्यक्रम सञ्चालन गर्ने ।

(ग) परीक्षामा संलग्न केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष, निरीक्षक, अनुगमनकर्ता, विज्ञहरुबाट सम्पन्न हुने क्रियाकलापहरु लगायत परीक्षामा संलग्न कर्मचारीहरुको पारिश्रमिक तोक्ने ।

(घ) आधारभूत शिक्षा परीक्षाको आवेदन फाराम तयारी तथा वितरण र विद्यार्थीहरूबाट सो फाराम भर्न लगाई विद्यालयबाट परीक्षाको लागि आवश्यक विवरण सङ्कलन गर्ने गराउने र सो को अभिलेख राख्ने ।

(ङ) भौगोलिक विकटता, विद्यालय संख्या, विद्यार्थी सङ्ख्या र भौतिक पूर्वाधारको आधारमा विद्यार्थीहरूलाई पायक पर्ने गरी परीक्षा केन्द्र निर्धारण गर्ने ।

(च) उत्तरपुस्तिका परीक्षण केन्द्र निर्धारण गर्ने ।

(छ) आधारभूत शिक्षा परीक्षाको समय तालिका प्रकाशन गर्ने ।

(ज) केन्द्राध्यक्ष र उत्तरपुस्तिका परीक्षण केन्द्र प्रमुख नियुक्त गरी निजहरूलाई परीक्षा सञ्चालन, व्यवस्थापन तथा परीक्षाफल प्रकाशनका विषयमा अभिमुखीकरण गर्ने, गराउने ।

(झ) पाठ्यक्रमले निर्धारण गरे बमोजिम प्रयोगात्मक परीक्षा व्यवस्थापन गर्ने, गराउने ।

(ञ) परीक्षाको वैद्यता, विश्वसनीयता र गोपनियता कायम रहने गरी प्रश्नपत्र निर्माण, छपाई तथा वितरण गर्ने, गराउने ।

(ट) शान्तिपूर्ण र मर्यादित रुपले परीक्षा सञ्चालन गर्ने गराउने, निष्पक्ष र विश्वसनीय तरिकाबाट उत्तरपुस्तिका परीक्षण, सम्परीक्षण, पुनर्योग गर्ने र परीक्षाफल प्रकाशन तथा प्रमाणीकरण सम्बन्धी नीति निर्धारण गर्ने ।

(ठ) परीक्षामा संलग्न जनशक्ति तथा परीक्षार्थीहरुका लागि आचारसंहिता बनाई कार्यान्वयन गर्ने, गराउने ।

(ड) परीक्षाको मर्यादा विपरीत काम गर्ने शिक्षक, कर्मचारी तथा अन्य संलग्न व्यक्तिहरुलाई आवश्यक कारबाहीका लागि नगर शिक्षा समिति समक्ष लेखी पठाउने ।

(ढ) कुनै परीक्षा केन्द्रमा परीक्षामा अनियमितता भएको पाइएमा परीक्षा बदर गरी पुनः परीक्षा गराउने वा त्यस्तो केन्द्र बन्द गर्ने ।

(ण) विपद् र विपद्जन्य वा प्राकृतिक प्रकोप वा अन्य कुनै कारणबाट निर्धारित समयमा परीक्षा सञ्चालन गर्न वा परीक्षाफल प्रकाशन गर्न बाधा परेमा तुरुन्तै आवश्यक निर्णय लिने ।

(त) परीक्षाका लागि आवश्यक प्रश्नपत्र निर्माण र उत्तरपुस्तिका परीक्षण कार्यका लागि विज्ञ विषय शिक्षकहरूको रोष्टर सूची तयार गर्ने, गराउने र उक्त रोष्टर सूची प्रत्येक वर्ष अद्यावधिक गर्ने, गराउने ।

(थ) परीक्षालाई व्यवस्थित, मर्यादित र गुणस्तरीय वातावरणमा सम्पन्न गर्नका लागि केन्द्राध्यक्ष, उत्तरपुस्तिका परीक्षण केन्द्र प्रमुख लगायत परीक्षामा खटिएका जनशक्तिलाई आवश्यक निर्देशन दिने ।

(द) परीक्षा सञ्चालन, व्यवस्थापन, नियमन र नियमित अनुगमन गर्ने गराउने ।

(ध) परीक्षाफल प्रकाशन गर्ने, ग्रेडसिट र प्रमाणपत्र वितरण गर्ने, गराउने ।

(न) परीक्षा सम्बन्धी सम्पूर्ण अभिलेखहरु व्यवस्थित रुपमा अध्यावधिक गराउने र अभिलेख सुरक्षाको आवश्यक व्यवस्था गर्ने ।

(प) परीक्षाफल विश्लेषण गरी, गराई सुधारका थप उपायहरु अवलम्बन गर्ने, गराउने ।

(फ) प्रयोगात्मक परीक्षाको अडिट सम्बन्धी कार्य गर्ने, गराउने ।

(ब) परीक्षाका आवेदन फारामहरु दुई वर्ष पुगेपछि र परीक्षाका उत्तरपुस्तिकाहरु नतिजा प्रकाशन भएको छ महिना पुगेपछि धुल्याउने व्यवस्था गर्ने, गराउने ।

(भ) परीक्षाको गोपनियता कायम गर्ने, गराउने ।

(म) परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी संघीय र प्रदेश सरकारबाट तोकिएका अन्य कामहरू गर्ने गराउने ।

(य) यस ऐन वा यस ऐन अन्तर्गत बनेका नियम, कार्यविधि, मापदण्ड वा निर्देशिकामा तोकिएका परीक्षा सम्बन्धी अन्य आवश्यक कार्यहरु गर्ने, गराउने।

२४. **विद्यालय व्यवस्थापन समिति :** (१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख, व्यवस्थापन र अनुगमन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ;

(क) सम्बन्धित वडाको वडा अध्यक्ष वा निजले तोकेको निर्वाचित वडा सदस्य - अध्यक्ष

(ख) विद्यालयका अभिभावकले आफूमध्येबाट चुनेका एक महिला सहित चार जना - सदस्य

(ग) स्थानीय संस्थापक, समाजसेवी, चन्दादाता, शिक्षाप्रेमी, शिक्षाविद् मध्येबाट कम्तिमा एक जना महिला पर्ने गरी विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको दुई जना - सदस्य

(घ) सम्बन्धित विद्यालयको कार्यरत शिक्षक वा कर्मचारीहरूले आफूहरूमध्येबाट निर्णय गरी पठाएको एक जना - सदस्य

(ङ) विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

(२) उपदफा (१) मा जुनसुकै उल्लेख भएको भएतापनि यो ऐन जारी हुनु पूर्व गठित विद्यालय व्यवस्थापन समिति आफ्नो कार्यकालभर यथावत कायम रहने छन्। तर, यो ऐन प्रारम्भ हुँदाका बखत विद्यालय व्यवस्थापन समितिको म्याद समाप्त भएका विद्यालयहरुले यो ऐन जारी भएको तीन महिनाभित्र यसै ऐन बमोजिम नयाँ समिति गठन गर्नु पर्नेछ।

(३) उपदफा (१) को खण्ड (ख) बमोजिमको सदस्य हुनका लागि अभिभावकको सन्तति कम्तिमा एकवर्ष देखि सम्बन्धित विद्यालयमा अध्ययन गरिरहेको हुनु पर्नेछ।

(४) विद्यालयको बाल क्लबका अध्यक्ष विद्यालय व्यवस्थापन समितिको बैठकमा आमन्त्रित सदस्यको रूपमा रहनेछन्।

(५) उपदफा (१) को खण्ड (ख) र (ग) बमोजिमका सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ।

(६) उपदफा (१) को खण्ड (ख) र (ग) बमोजिमका सदस्यले आफ्नो पदीय आचरण पूरा नगरेमा जुनसुकै समयमा पनि हटाउन वा वर्खास्त गर्न सकिनेछ। तर त्यसरी हटाउनु वा वर्खास्त गर्नु अघि मनासिब माफिकको स्पष्टिकरणको मौकाबाट बञ्चित गरिने छैन्।

(७) संस्थागत र सहकारी विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः–

(क) विद्यालयको संस्थापक वा लगानीकर्ताहरूमध्येबाट सम्बन्धित विद्यालयको सिफारिसमा नगर प्रमुखबाट मनोनित एक जना - अध्यक्ष

(ख) विद्यालयको संस्थापक वा लगानीकर्ताहरूमध्येबाट समितिले मनोनित गरेका एक जना महिला - सदस्य

(ग) विद्यालय रहेको सम्बन्धित वडाका वडा समितिका सदस्यहरूमध्येबाट वडा समितिले मनोनयन गरेको एकजना - सदस्य

(घ) स्थानीय शिक्षा प्रेमी वा समाजसेवीहरू विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एकजना महिला सहित दुई जना - सदस्य

(ङ) अभिभावकहरूमध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको दुईजना - सदस्य

(च) सम्बन्धित विद्यालयका शिक्षकहरूले आफूहरूमध्येबाट छानी पठाएको एकजना प्रतिनिधि - सदस्य

(छ) विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

(८) उपदफा (७) मा जुनसुकै उल्लेख भएको भएतापनि यो ऐन जारी हुनु पूर्व गठित विद्यालय व्यवस्थापन समिति आफ्नो कार्यकालभर यथावत कायम रहने छन् । तर, यो ऐन प्रारम्भ हुँदाका बखत विद्यालय व्यवस्थापन समितिको म्याद समाप्त भएका विद्यालयहरुले यो ऐन जारी भएको तीन महिनाभित्र यसै ऐन बमोजिम नयाँ समिति गठन गर्नु पर्नेछ ।

(९) उपदफा (७) को खण्ड (ख), (घ) र (ङ) बमोजिमका सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ ।

(१०) उपदफा (७) को खण्ड खण्ड (ख), (घ) र (ङ) बमोजिमका सदस्यले आफ्नो पदीय आचरण पूरा नगरेमा जुनसुकै समयमा पनि हटाउन वा वर्खास्त गर्न सकिनेछ । तर त्यसरी हटाउनु वा वर्खास्त गर्नु अघि मनासिब माफिकको स्पष्टिकरणको मौकाबाट बञ्चित गरिने छैन् ।

(११) विद्यालयको विद्यालय व्यवस्थापन समितिको बैठक आवश्यकतानुसार बस्नेछ । त्यसरी बस्ने बैठकको कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

(१२) विद्यालयको विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

(१३) सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराई राख्ने,

(घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी महाशाखालाई दिने,

(ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न धार्मिक वा साम्प्रदायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने,

(च) विद्यालय व्यवस्थापन समितिको सचिवालय व्यवस्थित गर्ने, गराउने,

(छ) विद्यालयमा आवश्यक पर्ने अध्यापन अनुमतिपत्र लिई प्रचलित कानुन बमोजिम शिक्षक सेवा आयोगबाट सिफारिस भएका शिक्षक काममा लगाउने,

(ज) नगरपालिकावाट खटिएका शिक्षक तथा कर्मचारीलाई हाजिर गराई काममा लगाउने,

(झ) उपमहानगरपालिकाले तोकेका लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखा परीक्षण गर्ने,

(ञ) लेखापरीक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक कारबाही गर्ने र त्यसको प्रतिवेदन नगर शिक्षा समितिमा पेश गर्ने,

(ट) तोकिएबमोजिम विद्यालय सञ्चालन गर्ने र पठनपाठन गर्ने, गराउने,

(ठ) नगर शिक्षा समितिले दिएको निर्देशनहरूको पालना गर्ने,

(ड) विद्यालयको आन्तरिक श्रोतबाट खर्च व्यहोर्ने गरी नियुक्ती वा बढुवा गरेका शिक्षकको लागि सेवा, शर्त र सुविधा तोक्ने,

(ढ) विद्यालयले गरेका वार्षिक क्रियाकलापको सामाजिक परीक्षण गराउने,

(ण) विद्यालयको शैक्षिक गुणस्तर एवम् भौतिक पूर्वाधार विकासका लागि गुरुयोजना बनाई पेश गर्ने,

(त) अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन तथा व्यवस्थापन गर्ने गराउने,

(थ) शिक्षक अभिभावक संघ गठन गर्ने,

(द) यस ऐन वा यस ऐन अन्तर्गत बनेका नियम, कार्यविधि, मापदण्ड वा निर्देशिकामा तोकिएका अन्य आवश्यक कार्यहरु गर्ने, गराउने ।

(१४) संस्थागत र सहकारी विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने,

(ग) विद्यालयको चल, अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

(घ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने,

(ङ) विद्यालयले नेपाल सरकार र नगरपालिकाले तोके बमोजिमको पाठ्यक्रम तथा पाठ्यपुस्तक अनिवार्य रूपमा लागू गर्ने, पाठ्यक्रमलाई सहयोग पुग्ने खालका स्वीकृत सन्दर्भ स्रोत सामग्री प्रयोग गर्ने,

(च) तोकिएबमोजिम विद्यालय सञ्चालन र पठनपाठन गर्ने, गराउने,

(छ) अध्यापन अनुमतिपत्र लिई प्रचलित कानुन बमोजिम शिक्षक पदको लागि उम्मेदवार हुन योग्यता पूरा गरेका व्यक्तिलाई शिक्षक पदमा नियुक्ति गर्ने,

(ज) नेपाल सरकारले तोकेको न्यूनतम तलब स्केलमा नघटाई शिक्षकलाई तलब दिने,

(झ) आचारसंहिता विपरित कार्य गर्ने शिक्षक कर्मचारीलाई कारबाही गर्ने,

(ञ) यस ऐन तथा यस ऐन अन्तर्गत बनेका कार्यविधि, निर्देशिका, मापदण्ड र अन्य प्रचलित कानूनमा उल्लेखित व्यवस्थाहरूको पालना गर्ने,

(ट) अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन तथा व्यवस्थापन गर्ने गराउने,

(ठ) यस ऐन वा यस ऐन अन्तर्गत बनेका नियम, कार्यविधि, मापदण्ड वा निर्देशिकामा तोकिएका अन्य आवश्यक कार्यहरु गर्ने, गराउने।

(१५) विद्यालय व्यवस्थापन समितिको अन्य काम, कर्तव्य, अधिकार तोकिएबमोजिम हुनेछ।

२५. **शिक्षक अभिभावक संघ :** (१) विद्यालयको शैक्षिक गतिविधिको बारेमा नियमित अन्तरक्रिया गर्नका लागि प्रत्येक विद्यालयमा एक शिक्षक अभिभावक संघ रहनेछ।

(२) विद्यालय व्यवस्थापन समितिले विद्यालयका अभिभावकको अध्यक्षतामा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, प्रधानाध्यापक, कम्तीमा एक जना शिक्षक र अन्य अभिभावकहरु सदस्य रहने गरी तोकिएबमोजिम बढीमा एघार सदस्यीय शिक्षक अभिभावक संघको कार्यकारी समिति गठन गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम गठित शिक्षक अभिभावक संघको कार्यकारी समितिका सदस्यको पदावधि दुई वर्षको हुनेछ।

(४) उपदफा (२) बमोजिमको कार्यकारी समितिको बैठक तीन महिनामा कम्तीमा एकपटक बस्नेछ र सो समितिको बैठक सम्बन्धी अन्य कार्यविधि कार्यकारी समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(५) शिक्षक अभिभावक संघको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) विद्यालयमा शिक्षकको गुणस्तर कायम गर्नको लागि आवश्यक काम गर्ने,

(ख) यस ऐन बमोजिम विद्यालयले शुल्क निर्धारण गरे नगरेको सम्बन्धमा अनुगमन गर्ने तथा सो सम्बन्धमा विद्यालयलाई आवश्यक सुझाव दिने,

(ग) विद्यालयको शैक्षिक गतिविधिबारे नियमित जानकारी राख्ने तथा सो सम्बन्धमा अन्तक्रिया गर्ने।

(घ) शिक्षक अभिभावक संघको अन्य काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ।

२६. **विषयगत शिक्षक समिति :** (१) हरेक विद्यालयमा शिक्षण सिकाइ क्रियाकलापमा सहयोग गर्न अनिवार्य तथा ऐच्छिक विषयहरुको आवश्यकता अनुसार सदस्य रहेका विषयगत समितिहरु गठन गर्न सकिनेछ।

(२) विद्यालयमा गठित विषयगत समितिहरुको काम, कर्तव्य र अधिकार सम्बन्धी कार्यविधि सम्बन्धित समितिहरुले आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(३) महाशाखाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुको विषयगत समिति गठन गरी परिचालन गर्ने व्यवस्था मिलाउन सक्नेछ।

२७. **विद्यार्थीको सहभागिता हुने समितिहरु :** (१) हरेक विद्यालयमा शिक्षण सिकाइ क्रियाकलापका अतिरिक्त बालबालिकामा अन्तरनिहित प्रतिभाको प्रस्फुटनका लागि विद्यार्थीको सहभागिता हुने विभिन्न समितिहरु गठन गर्न सकिनेछ।

(२) विद्यार्थीको सहभागिता हुने विभिन्न समितिहरुको गठन प्रक्रिया र गठित समितिको काम, कर्तव्य र अधिकार सम्बन्धी कार्यविधि विद्यालय आफैले निर्धारण गरेबमोजिम हुनेछ।

२८. **प्रमुख प्रशासकीय अधिकृतको शिक्षा सम्बन्धी काम, कर्तव्य र अधिकार :** प्रमुख प्रशासकीय अधिकृतको शिक्षा सम्बन्धी काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

२९. **महाशाखा प्रमुखको शिक्षा सम्बन्धी काम, कर्तव्य र अधिकार :** महाशाखा प्रमुखको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ।

३०. **महाशाखाका अन्य कर्मचारीको काम, कर्तव्य र अधिकार :** महाशाखाका अन्य कर्मचारीको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ।

३१. **उपमहानगर शिक्षा विकास कोष :** (१) सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विकासमा सहयोग पुर्‍याउन तथा त्यस्ता विद्यालयमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्न उपमहानगरस्तरमा एक उपमहानगर शिक्षा विकास कोष रहनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहने छन्;

(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,

(ग) उपमहानगरपालिकाबाट प्राप्त अनुदान रकम,

(घ) संस्थागत विद्यालयबाट प्राप्त विद्यालयको वार्षिक कूल आम्दानीमध्ये तोकिए बमोजिमको रकम,

(ङ) दान, दातव्य, पुरस्कार र चन्दाबाट प्राप्त रकम,

(च) सरकारी तथा गैरसरकारी संघ संस्थाबाट प्राप्त रकम,

(छ) दातृ निकायबाट प्राप्त रकम,

(ज) अन्य स्रोतबाट प्राप्त रकम।

(३) उपमहानगर शिक्षा विकास कोषको सञ्चालन, व्यवस्थापन र परिचालन तोकिएबमोजिम हुनेछ।

३२. **विद्यालय कोष :** (१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ । विद्यालय कोषमा देहाय बमोजिमका स्रोतबाट प्राप्त रकम सो कोषमा दाखिला हुनेछ;

(क) नेपाल सरकार, प्रदेश सरकार र उपमहानगरपालिकाबाट प्राप्त अनुदान,

(ख) उपमहानगरपालिकाको शिक्षा विकास कोषबाट प्राप्त अनुदान,

(ग) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(घ) चन्दा वा दान दातव्यबाट प्राप्त रकम र

(ङ) अन्य स्रोतबाट प्राप्त रकम।

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन, व्यवस्थापन, परिचालन तथा लेखा परीक्षण तोकिएबमोजिम हुनेछ।

**३३. विद्यालय विनियमावली :** (१) यो ऐन र प्रचलित कानूनको अधीनमा रही प्रत्येक विद्यालयको विद्यालय व्यवस्थापन समितिले विद्यालयको लक्ष्य, मूल्य मान्यता, सञ्चालन प्रकृया लगायतका अन्य सान्दर्भिक विषयवस्तु समावेश गरिएको विद्यालय विनियमावली बनाई लागू गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम बनाईएको विनियमावलीको प्रमाणित प्रति अभिलेखका लागि यो ऐन जारी भएको तीन महिनाभित्र महाशाखामा पेश गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम विद्यालयले बनाएको विद्यालय विनियमावली प्रचलित ऐन, कानुनसंग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ।

**३४. विद्यालयको सम्पत्ति :** (१) विद्यालयको नाममा रहेको चल-अचल सम्पत्तिको सुरक्षा गर्ने प्रमुख दायित्व विद्यालय व्यवस्थापन समिति र पदीय दायित्व प्रधानाध्यापकको हुनेछ।

(२) सामुदायिक विद्यालयको चल-अचल सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ। सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ। यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको वा समायोजन गरिएको सामुदायिक विद्यालयको चल-अचल सम्पत्तिको व्यवस्थापन उपमहानगरपालिकाले गर्नेछ।

(३) सामुदायिक विद्यालयको चल-अचल सम्पत्ति लिज वा भाडामा दिनु पर्ने भएमा विद्यालय व्यवस्थपन समितिले लिज वा भाडा लगाउने सम्पत्ति र सो सम्पत्तिको न्यूनतम् भाडा दर तोकेको निर्णय गरी सो निर्णय सहितको जानकारी कार्यालयलाई दिनु पर्नेछ। कार्यालयले विद्यालयले दिएको जानकारीका आधारमा विद्यालयको सम्पत्ति लिज वा भाडा दिन उपयुक्त देखेमा दररेटका लागि सार्वजनिक सूचना प्रकाशन गर्ने देखि सम्झौतासम्मको काम गरेर विद्यालयलाई उपलब्ध गराउनेछ।

(४) शैक्षिक गुठी तथा सहकारीको रुपमा सञ्चालित संस्थागत विद्यालयको चल-अचल सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ। त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र यो सम्पत्तिको स्वरुप उपमहानगरपालिकाको स्वीकृति विना परिवर्तन हुने छैन।

(५) कम्पनीको रुपमा सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति कम्पनीको नाममा रहनेछ।

(६) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघसंस्थासंग दान दातव्यको रुपमा कुनै किसिमको चल-अचल सम्पत्ति प्राप्त गर्नु अघि नगर शिक्षा समितिको स्वीकृति लिनु पर्नेछ।

(७) विद्यालयको सम्पत्ति संरक्षण तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

**३५. <u>विद्यालयलाई छुट र सुविधा</u>** : (१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि सामुदायिक विद्यालय र सहकारी तथा सार्वजनिक शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा कार्यालयले दस्तुर लिनेछैन्।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा कार्यालयले तोकिएको आधारमा लाग्ने दस्तुरमा छुट दिन सक्नेछ।

(३) सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको शैक्षिक उपलब्धी स्तर वृद्धि गर्न र विद्यालय स्रोतबाट तलब, भत्ता खाने गरी नियुक्ति गरिएका शिक्षक कर्मचारीको पारिश्रमिकको खर्च जुटाउने गरी विद्यालयले आफ्नो स्रोतमा निमार्ण गरेका आयआर्जन हुने सम्पत्तिहरु जस्तै माछापोखरी, सटरहरु आदिको विविध कर र विद्यालयको जग्गा मालपोत (तिरो) दस्तुर छुट हुनेछ। तर, यस्ता कार्य गर्दा कार्यालयबाट स्वीकृती लिनुपर्नेछ।

(४) सामुदायिक विद्यालयहरुले भवन निर्माण गर्दा कार्यालयको ड्रईङ, डिजाइन बमोजिम नक्सा पास गरेर निमार्ण गर्नु पर्नेछ। संस्थागत विद्यालयले भवन निर्माण गर्दा कार्यालयबाट नक्सा पास गरी भवन निर्माण अनुमति प्राप्त गरेर मात्र गर्नु पर्नेछ। यसरी नक्सा पास गर्दा लाग्ने नक्सापास दस्तुर छुट हुनेछ।

(५) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिएबमोजिम हुनेछ।

(६) संस्थागत विद्यालयमा कार्यरत शिक्षक कर्मचारीहरुको न्यूनतम सेवा सुविधा र शर्तनामा तोकिएबमोजिम हुनेछ

**३६. <u>शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम, ट्युसन, कोचिङ वा शिक्षण कोर्स सञ्चालन</u>** :

(१) कसैले पनि यस ऐन बमोजिम व्यवसाय दर्ता नगराई शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा, ट्युसन, कोचिङ कक्षा जस्ता वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन्।

(२) उपदफा (१) बमोजिम शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा, ट्युसन, कोचिङ कक्षा जस्ता वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न व्यवसाय दर्ता गर्ने सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ।

(३) माथि उल्लेखित शैक्षिक संघ संस्थाहरु व्यवसाय दर्ता गरिसकेपछि प्रत्येक वर्ष महाशाखाबाट तयार पारिएको सूचीमा रहेका लेखापरीक्षकहरुमध्येबाट वडा शिक्षा समितिले नियुक्त गरेका लेखापरीक्षकबाट लेखापरीक्षण गराई सो को प्रतिवेदन वडा कार्यालयमा पेश गरी व्यवसाय नविकरण गर्नु पर्नेछ।

(४) माथि उल्लेखित शैक्षिक संघ संस्थाहरुको नियमन सम्बन्धित वडाले गर्नेछ।

(५) शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम, ट्युसन, कोचिङ वा शिक्षण कोर्स सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

३७. **सामुदायिक सिकाइ केन्द्र :** (१) उपमहानगरपालिकाले समुदायमा साक्षरता, सीप विकास र निरन्तर सिकाइ समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्रको स्थापना तथा सञ्चालन गर्न सक्नेछ।

(२) सामुदायिक सिकाइ केन्द्रको स्थापना र सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

३८. **पुस्तकालय :** (१) उपमहानगरपालिकाले सर्वसाधारणको साक्षरता, पठन र स्वअध्ययन, सीप विकास, निरन्तर सिकाइ तथा खोज र अनुसन्धानात्मक कार्यहरु समेतको लागि पुस्तकालयको स्थापना र सञ्चालन गर्न सकिनेछ।

(२) पुस्तकालयको स्थापना र सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

३९. **अनुदानको व्यवस्था :** (१) यो ऐन प्रारम्भ हुँदाका बखत दिँदै आएको अनुदान रकममा कटौती नहुने गरी तोकिएको सुत्रको आधारमा उपमहानगरपालिकाले सामुदायिक विद्यालयलाई अनुदान दिनेछ। तर, कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिंइदै आएको अनुदान रकममा तोकिएबमोजिम कटौती गर्न सकिनेछ।

(२) उपमहाननगरपालिकाले विद्यालयहरूलाई तोकिएबमोजिम शर्त पूरा गरेमा थप अनुदान उपलब्ध गराउन सक्नेछ।

(३) उपमहानगरपालिकाले कुनै सामुदायिक विद्यालयको सर्वपक्षीय विकास मार्फत त्यहाँ अध्ययनरत विद्यार्थीहरुको सिकाइ सुधारका लागि आवश्यक बजेटको व्यवस्था गरी नमुना विद्यालयका रुपमा छनौट गरी शैक्षिक कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछ।

४०. **शिक्षकलाई अन्य काममा लगाउन नहुने :** (१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने, विद्यालयको प्रशासनिक व्यवस्थापन सम्बन्धी काम गर्ने र उपमहानगरक्षेत्रभित्रका विद्यालयको सुपरीवेक्षण तथा शिक्षकको पेसागत विकास मार्फत शिक्षण सिकाइमा सुधार गरी अधिकतम् शैक्षिक उपलब्धी हासिल गर्न विज्ञ स्रोत शिक्षकका रुपमा परिचालन गर्ने काम बाहेकका अन्य काममा लगाउन पाइने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि विद्यालयको पठनपाठनमा बाधा नपुग्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम, प्राकृतिक प्रकोप उद्दार वा नेपाल सरकार र उपमहानगरपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ।

(३) उपदफा (१) बमोजिम सामुदायिक विद्यालयमा कार्यरत शिक्षकलाई उपमहानगरक्षेत्रभित्रका विद्यालयको सुपरीवेक्षण तथा शिक्षकको पेसागत विकास मार्फत शिक्षण सिकाइमा सुधार गरी अधिकतम् शैक्षिक उपलब्धी हासिल गर्न विज्ञ स्रोत शिक्षकको रुपमा परिचालन गर्न आवश्यक विषयगत सिटसंख्या निर्धारण गरी तोकिएबमोजिमको छनौट प्रक्रिया अपनाई खुला प्रतिस्पर्धाबाट छनौट गरी नियुक्त गरेर कामका लगाउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम कुनै सामुदायिक विद्यालयको शिक्षक विज्ञ स्रोत शिक्षकको रुपमा छनौट भई कामकाजमा खटाईएमा निज कार्यरत विद्यालयमा निजले अध्यापन गरिरहेको विषयको अध्यापनका लागि उपमहानगरपालिकाले आफ्नो आन्तरिक स्रोतबाट तलबभत्ता तथा अन्य सुविधा व्यहोर्ने गरी शिक्षकको व्यवस्था गर्नु पर्नेछ।

(५) यो ऐन जारी हुन पूर्व नियुक्त विज्ञ स्रोत शिक्षक यसै ऐन बमोजिम नियुक्त भएको मानिनेछ।

(६) उपदफा (३) र (५) बमोजिम नियुक्त विज्ञ स्रोत शिक्षकको सेवा, शर्त, सुविधा तथा काम, कर्तव्य र अधिकार तथा अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

४१. **तलबभत्ता, सेवा अवधिको गणना र विदा तथा काज : (१)** कार्यालयले आफ्नै स्रोतबाट तलबभत्ता भुक्तानी हुने गरी करारमा नियुक्त गरेर सामुदायिक विद्यालयमा खटाई पठाएका शिक्षक तथा कर्मचारीको तलबभत्ता नगर कार्यपालिकाको कार्यालयबाटै सम्बन्धित शिक्षक तथा कर्मचारीको बैंक खातामार्फत भुक्तानी हुने व्यवस्था गरिनेछ।

(२) उपमहानगरपालिकाले उपदफा (१) बाहेक कार्यालयबाट तलबभत्ता भुक्तानी हुने सामुदायिक विद्यालयका अन्य शिक्षक तथा कर्मचारीहरुको तलबभत्ता समेत नगर कार्यपालिकाको कार्यालयबाटै सम्बन्धित शिक्षक तथा कर्मचारीको बैंक खातामार्फत भुक्तानी गर्न सक्नेछ।

(३) नियमानुसार विदा वा काज स्वीकृत गराई बसेकोमा बाहेक विद्यालयमा अनुपस्थित रहेको शिक्षक वा कर्मचारीले अनुपस्थित अवधिको तलबभत्ता पाउने छैनन् र त्यस्तो अवधि निजको सेवा अवधिमा समेत गणना हुने छैन्।

(४) शिक्षक तथा कर्मचारीको विदा तथा काज सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

४२. **पदाधिकारी, शिक्षक तथा कर्मचारीको पदीय आचरण :** (१) पदाधिकारी, शिक्षक तथा कर्मचारीहरुले तोकिएबमोजिमको आचार संहिता तोकिएबमोजिम पालना गर्नु पर्नेछ।

(२) तोकिएबमोजिमको आचारसंहिता पालना नगर्ने पदाधिकारी, शिक्षक तथा कर्मचारीलाई तोकिएबमोजिम कार्बाही हुनेछ।

४३. **नोकरीबाट हटाउन वा बरखास्त गर्न सकिने :** देहायको अवस्थामा विद्यालयका शिक्षक तथा कर्मचारीलाई नगर शिक्षा समितिले नोकरीबाट हटाउन वा बरखास्त गर्न सक्नेछ;

(क) तोकिएबमोजिमको पदीय दायित्त्व पुरा नगरेमा,

(ख) विना सूचना लगातार नब्बे दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

(ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले संस्थागत विद्यालय वा ट्यूसन वा कोचिङ सेन्टरको सञ्चालक भएमा वा संस्थागत विद्यालय, ट्यूसन वा कोचिङ सेन्टरमा अध्यापन गरेमा,

(च) विद्यार्थीलाई शारीरिक, मानसिक यातना दिने वा यौनजन्य दुर्व्यवहार गरेमा ।

४४. **अदालतको आदेशबाट पुनः बहाली हुन सक्ने :** (१) विभागीय सजाय वा दफा ४३ बमोजिम कार्बाही भई नोकरीबाट हटाइएको वा बरखास्त गरिएको शिक्षक अदालतको आदेश वा फैसला बमोजिम मात्र नोकरीमा पुनः बहाली हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनः बहाली भएको शिक्षकले नोकरीबाट हटेदेखि पुनः बहाली भएको मितिसम्मको पूरा तलब, भत्ता र तलब बृद्धि पाउने भए सो समेत पाउनेछ ।

४५. **विद्यालयको नामाकरण, नाम परिवर्तन :** (१) यस ऐन अन्तर्गत स्थापना हुने विद्यालयको नामाकरण नेपालीमा गर्नु पर्नेछ ।

(२) यो ऐन जारी हुनु पूर्व विदेशी नामबाट नामाकरण गरिएका विद्यालयले यो ऐन जारी भएको एक शैक्षिक सत्र भित्र विद्यालयको नाम नेपाली नामबाट राख्नु पर्नेछ । यदि विद्यालयको नाम पछाडी अन्तर्राष्ट्रिय (International) शब्द राखिएको भए सो समेत हटाउनु पर्नेछ ।

४६. **विद्यालयको वर्गिकरण :** विद्यालयहरुलाई तोकिएबमोजिम वर्गीकरण गर्न सकिनेछ ।

४७. **निःशुल्क शिक्षा तथा शुल्क :** (१) नेपाल सरकार, प्रदेश सरकार र उपमहानगरपालिकाले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(२) कुनै संघसंस्था वा अभिभावकले आफ्नो स्वेच्छाले सामुदायिक विद्यालयलाई दिएको दान, उपहार, चन्दा वा सहयोग लिन सकिनेछ ।

(३) सबै बालबालिलिकालाई आधारभूत तहसम्मको शिक्षा निःशुल्क र अनिवार्य तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क प्रदान गर्नको लागि आवश्यक स्रोतको व्यवस्था गरिनेछ ।

(४) दृष्टिविहिन बालबालिकालाई ब्रेललिपी तथा बहिरा तथा स्वर वा बोलाई सम्बन्धी अपाङ्गता भएका बालबालिकालाई सांकेतिक भाषाको माध्यमबाट निःशुल्क शिक्षा प्रदान गर्ने व्यवस्था गरिनेछ ।

(५) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एक पटक भर्ना शुल्क लिईसकेपछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि भर्ना शुल्क लिन पाउने छैन ।

(६) विद्यालयले विद्यालयको भौतिक संरचना निर्माण तथा मर्मत गर्नका लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(७) संस्थागत विद्यालयले लिन पाउने शुल्क नगर शिक्षा समितिले निर्धारण गरेबमोजिम हुनेछ । नगर शिक्षा समितिले शुल्क निर्धारण गर्दा विद्यालयमा उपलब्ध सुविधा र विद्यालयको वर्गीकरण गरिएको भए सो समेतको आधारमा गर्नेछ ।

(८) संस्थागत विद्यालयले लिन पाउने शुल्क तथा शुल्क निर्धारणका आधारहरु लगायत अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

(९) कुनै विद्यालयले यस ऐन तथा अन्तर्गत बनेका नियमावली, निर्देशिका, कार्यविधि वा मापदण्ड विपरित कुनै शुल्क लिएमा तोकिएको अधिकारीले विद्यालयबाट त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनुपर्छ।

(१०) यस ऐन विपरित शुल्क लिने विद्यालयलाई नगर शिक्षा समितिले पचास हजार देखि एक लाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

४८. **विद्यार्थी छात्रवृत्ति :** (१) नेपाल सरकार, प्रदेश सरकार तथा उपमहानगरपालिकाले सामुदायिक विद्यालयमा भर्ना हुने विद्यार्थीलाई तोकिएबमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ।

(२) संस्थागत विद्यालयले प्रत्येक कक्षामा प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीलाई क्रमशः शतप्रतिशत, पचास प्रतिशत तथा पच्चीस प्रतिशत शुल्क मिनाहा गरी जेहेन्दार छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ।

(३) संस्थागत विद्यालयले उपदफा (२) का अतिरिक्त विद्यालयमा भर्ना भएका कूल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी विपन्न तथा गरिब, महिला, आदिवासी जनजाति, दलित, अपाङ्गता भएका, पिछडिएको क्षेत्र र जेहेन्दार विद्यार्थीलाई तोकिएबमोजिम छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ।

(४) संस्थागत विद्यालयले माध्यमिक तहको कक्षा एघारमा कम्तिमा दश प्रतिशत विद्यार्थीहरु छात्रवृत्ति कोटामा महाशाखाको सिफारिसका आधारमा भर्ना गरी अध्ययन गराउनु पर्नेछ। महाशाखाले यस उपदफा बमोजिम विद्यार्थी सिफारिस गर्नका लागि हरेक वर्ष छात्रवृत्ति छनौट परीक्षा सञ्चालन गरी योग्यताक्रमका आधारमा सिफारिस गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम सिफारिस भई भर्ना भएका विद्यार्थीलाई विद्यालयले कक्षा बाह्रमा समेत छात्रवृत्ति कोटामा अध्ययन गराउनु पर्नेछ।

(६) संस्थागत विद्यालयले आधारभूत तहको पूर्व प्राथमिक देखि कक्षा दशसम्म अध्ययनरत कम्तिमा दश प्रतिशत विद्यार्थीहरुलाई समेत तोकिएबमोजिम छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ।

(७) संस्थागत विद्यालयले कम्तिमा दश प्रतिशत विद्यार्थीलाई उपलब्ध गराउनु पर्ने छात्रवृत्ति सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

४९. **अध्यापन अनुमति पत्र :** (१) यो ऐन प्रारम्भ भएपछि कसैले पनि अध्यापन अनुमति पत्र नलिईकन विद्यालयको शिक्षक पदको लागि उम्मेदवार हुन पाउने छैन र विद्यालय पनि अध्यापन अनुमति पत्र नभएको व्यक्तिलाई शिक्षक पदमा नियुक्त गर्न पाउने छैन।

(२) शिक्षक अध्यापन अनुमति पत्र सम्बन्धी व्यवस्था संघीय कानूनमा तोकिएबमोजिम हुनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा उल्लेख भएको भएतापनि उपमहानगरपालिकाले आफ्नो क्षेत्रभित्रका विद्यालयमा मात्र अध्यापन गर्न पाउने गरी देहायको योग्यता भएका व्यक्तिहरुलाई खुला प्रतियोगितात्मक परीक्षा सञ्चालन गरी तोकिएबमोजिम अध्यापन अनुमति पत्र जारी गर्न सक्नेछ ।

(क) सामुदायिक विद्यालयको निजीस्रोत शिक्षकको रुपमा नियुक्त भई यो ऐन प्रारम्भ हुँदाका बखतसम्म अध्यापन गरिरहेका तर हाल सम्म संघीय कानून बमोजिम अध्यापन अनुमति पत्र प्राप्त नगरेका,

(ख) संस्थागत विद्यालयको शिक्षकको रुपमा नियुक्त भई यो ऐन प्रारम्भ हुँदाका बखतसम्म अध्यापन गरिरहेका तर हाल सम्म संघीय कानून बमोजिम अध्यापन अनुमति पत्र प्राप्त नगरेका,

(ग) तोकिएबमोजिमको योग्यता भएका अन्य व्यक्तिहरु ।

(४) उपमहानगरपालिकाले जारी गर्ने अध्यापन अनुमति पत्र सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

**५०. विद्यालय शान्ति क्षेत्र हुने :** विद्यालय शान्ति क्षेत्र हुनेछ । यसका लागि कसैले पनि विद्यालयको अध्ययन अध्यापन कार्यमा कुनै प्रतिकुल असर पर्ने गरी कुनै प्रकारको गतिविधि गर्न पाइनेछैन ।

**५१. निर्देशन दिन सक्ने :** (१) कार्यपालिकाले आवश्यकता अनुसार नगर शिक्षा समिति, नगर शिक्षा अनुगमन समिति, वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समितिलाई र नगर शिक्षा समितिले नगर शिक्षा अनुगमन समिति, वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समितिलाई निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु, गराउनु नगर शिक्षा समिति, नगर शिक्षा अनुगमन समिति, वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

**५२. दण्ड सजाय :** (१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई तोकिएबमोजिम बिगो असूल गरी बिगो बमोजिम जरिवाना गर्न सकिनेछ ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुयाएमा त्यस्तो व्यक्तिलाई कसूरको मात्रा हेरी एकलाख रूपैयाँसम्म जरिवाना हुनेछ:-

(क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरबाही वा गैर जिम्मेवारपूर्ण कार्यगरेमा,

(ग) परीक्षाकेन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेशगर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षाकेन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरूको तर्फबाट परीक्षा दिएमा,

(च) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा,

(छ) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा,

(ज) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा।

(३) उपदफा (१) र (२) (क) बमोजिमको कसूरको सम्बन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर मुद्दा हेर्ने अधिकारी वा अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मितिदेखि मुद्दाको टुङ्गो नलागेसम्म निलम्बन हुनेछ। सो शिक्षक वा कर्मचारी अदालतबाट कसूरदार ठहरिएमा निजलाई यस ऐन बमोजिम अन्य सजाय गरिनेछ।

(४) उपदफा (१) र उपदफा (२) मा लेखिएदेखि बाहेक कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम उल्लङ्घन गरेमा तोकिएको अधिकारीले देहाय बमोजिम सजाय गर्नसक्नेछः-

(क) विद्यालयका शिक्षक वा कर्मचारीलाई विभागीय सजाय गर्ने,

(ख) विद्यार्थीलाई विद्यालय वा छात्रावास वा परीक्षाबाट निष्काशन गर्ने,

(ग) कसूरको मात्रा हेरी एकहजार रूपैयाँदेखि एकलाख रूपैयाँसम्म जरिवाना गर्ने,

(घ) विद्यालयलाई महानगरपालिकाको सहायता घटाउने, रोक्ने वा बन्द गर्ने,

(ङ) विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गरी विद्यालय बन्द गर्ने।

५३. **नियम बनाउने अधिकार :** (१) यस ऐनको कार्यान्वयनका लागि देहायका विषयमा नियम र कार्यविधि बनाउने अधिकार नगर कार्यपालिकालाई हुनेछ।

(क) प्रारम्भिक बाल विकास तथा शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा,

(ख) सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय,

(ग) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम,

(घ) मातृभाषामा शिक्षा दिने विद्यालय,

(ङ) गाभिएका वा बन्द गरिएका विद्यालयहरूको सम्पत्ति व्यवस्थापन,

(च) नगर शिक्षा समिति,

(छ) विद्यालय व्यवस्थापन समिति,

(ज) विद्यालयको नामाकरण,

(झ) सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन,

(ञ) विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यसामग्रीको वितरण,

(ट) सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान,

(ठ) सामुदायिक विद्यालयका राहत, अनुदान कोटामा कार्यरत शिक्षक, विद्यालय कर्मचारी र विद्यालय सहयोगीको कार्य सम्पदान मूल्याङ्कन,

(ड) शिक्षक तथा विद्यार्थी आचार संहिता,

(ढ) उपमहानगरपालिका भित्रका सामुदायिक विद्यालयमा प्रधानाध्यापक व्यवस्थापन,

(ण) विज्ञ स्रोत शिक्षक,

(त) विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन,

(थ) सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन,

(द) आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन,

(ध) विद्यालयस्तरको परीक्षा, विद्यार्थी सिकाइ उपलब्धीको परीक्षण र व्यवस्थापन,

(न) निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन,

(प) ट्यूसन, कोचिङ जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन,

(फ) स्थानीयस्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवर्धन र स्तरीकरण,

(ब) स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन,

(भ) माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन,

(म) सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन,

(य) शिक्षण सिकाइ, शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास,

(र) अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन,

(ल) संस्थागत विद्यालयले विद्यार्थीबाट लिने शुल्क र सो असूल गर्ने तरिका,

(व) उपमहानगरपालिकाबाट विद्यालयलाई दिइने अनुदान,

(श) आवासीय विद्यालय र विद्यालय छात्राबास,

(ष) स्थानीय पाठ्यक्रम तथा विद्यालयमा लागु हुने थप सन्दर्भ सामग्री,

(स) विद्यालयको पुस्तकालय र वाचनालय,

(ह) उमहानगर शिक्षा विकास कोष,

(क्ष) आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी अन्य आवश्यक विषय।

(२) यो ऐन र यस ऐन अन्तर्गत बन्ने नियम र कार्यविधिको कार्यान्वयनको लागि नगर शिक्षा समितिले आवश्यक निर्देशिका, मापदण्ड बनाई लागू गर्न सक्नेछ।

५४. **सङ्क्रमणकालीन व्यवस्था :** यस ऐनमा तोकिए बमोजिम हुने भनी उल्लेख भएका व्यवस्थाहरुको लागि यसै ऐन अन्तर्गत बनेको नियमावली, कार्यविधि, निर्देशिका, मापदण्डमा तोकिएबमोजिम हुनेछ। तर, यस अन्तर्गत छुट्टै नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड नबनेको रहेछ भने नगर शिक्षा समितिबाट निर्णय भएबमोजिम हुनेछ।

**५५. बाधा अडकाउ फुकाउने अधिकार :** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा कार्यपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ।

**५६. खारेजी, बचाउ र लागू नहुने :** (१) धनगढी उपमहानगरपालिकाको नगर शिक्षा ऐन, २०७४ खारेज गरिएको छ।

(२) उपदफा (१) मा उल्लेखित ऐनबमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

(३) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित सङ्घीय कानून बमोजिम हुनेछ।

(४) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिनामिना गरेको कसूरमा भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कारबाही चलाउन बाधा पर्ने छैन।

(५) शिक्षाको साझा अधिकारका सम्बन्धमा सङ्घीय शिक्षा ऐन, प्रादेशिक शिक्षा ऐनले व्यवस्था गरे अनुसार हुनेछ।

(६) यस अघि कानून बमोजिम नियुक्त शिक्षक कर्मचारीहरूलाई नेपाल सरकारले दिइदै आएको सुविधामा कुनै किसिमको कटौती गरिने छैन। तर, यो व्यवस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमबमोजिम दण्ड, सजाय र कार्बाही गर्न बाधा पर्ने छैन।

**आज्ञाले,**

..................
नरेन्द्र बहादुर खाती
प्रमुख प्रशासकीय अधिकृत
धनगढी उप महानगरपालीका